राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ०३-०७९/०८०

मिति: २०७९/०७/०१ गते मंगलबार
समय: दिनको १:०० बजे

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

भूउपयोग ऐन, २०७६ को दफा (२०) १ बमोजिम देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति गठन गर्ने ।

तपसिल:

(क) गाउँ कार्यपालिकाको अध्यक्ष -अध्यक्ष
(ख) सम्बन्धीत वडाको वडा अध्यक्ष -सदस्य
(ग) स्थानीय तहका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसंग सम्बन्धित शाखाका प्रमुखहरु मध्येबाट सब इन्जीनियर श्री सान्तनु टिबडेवाल -सदस्य
(घ) सरोकारवाला मध्येबाट श्री बनस्तम थिङ, श्री चन्द्रमान प्रजा श्री सजिना मुक्तान नेपाली, सुजाता दमाई -सदस्य
(ङ) प्रमुख प्रशासकिय अधिकृत -सदस्य-सचिव

निर्णय नं. ३:

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त यस गाउँपालिकाको लागि स्विकृत दरबन्दी अनुसार हाल रिक्त रहेका दरबन्दीहरुमा स्थायी नियुक्तिको लागि माग फाराम भरी पठाउन प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडाको प.सं. ०७९/८० च.नं. ४७ मिति २०७९/०६/०४ को प्राप्त पत्रबाट माग भई आएकोले निम्न उल्लेखित सूची बमोजिमको रिक्त रहेको स्थायी दरबन्दीमा पदपूर्तीको लागि सिफारिस गर्न प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश, हेटौडामा पठाउने ।

अनुसूची-१
(नियम ३ को उपनियम (१) संग सम्बन्धीत)
रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगाना: राक्सिराङ्ग गाँउपालिकाको कार्यालय, चैनपुर, मकवानपुर

| सि. नं. | माग पदको नाम | पदको तह | सेवा, समुह, उपसमुह | स्थायी/ अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले शुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भै पूर्ति हुन बाँकि संख्या | | यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भै माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुल्लाको लागि | बढुवाको लागि | | आ.व.को | आ.व.को | नयाँ पद सृजना | रिक्त | | |
| १ | अधिकृत | ७/८औं | शिक्षा सेवा, शिक्षा प्रशासन समूह | स्थायी | | | शिक्षा सम्बन्धी. कार्य/मकवानपुर | | | | ✓ | १ | |
| २ | सहायक | ५औं | प्रशासन | स्थायी | | | वडा कार्यालयको प्रशासनिक कार्य/मकवानपुर | | | | ✓ | १ | |
| ३ | सहायक | चौथो | प्रशासन | स्थायी | | | वडा कार्यालयको प्रशासनिक कार्य/मकवानपुर | | | | ✓ | २ | |

निर्णय नं. ४:

निम्न उल्लेखित मितिमा निम्न पदहरुमा कार्यालयबाट गरिएको सेवा करार अनुमोदन गर्ने ।

| सि.नं. | पद | सेवा करार गरिएको कर्मचारीको नाम, थर, ठेगाना | मिति | मासिक पारिश्रमिक | करार अवधि |
|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | श्री साँइला भ्लोन, ईन्द्रसरोबर-४, मकवानपुर | २०७९/०४/०१ | १७,०००/ | २०७९ श्रावण ०१ देखि २०७९ पुस मसान्त सम्म |
| २ | हलुका सवारी चालक | श्री केदार गिरी, मनहरी-८, मकवानपुर | २०७९/०४/०१ | २४,५००/ | २०७९ श्रावण ०१ देखि २०७९ पुस मसान्त सम्म |
| ३ | हलुका सवारी चालक | श्री मध्य लाल थिङ, राक्सिराङ्ग-८, मकवानपुर | २०७९/०५/०१ | २४,५००/ | २०७९ श्रावण ०१ देखि २०७९ असोज मसान्त सम्म |

**निर्णय नं. ५**

राक्सिराङ्ग गाउँपालिका अन्तर्गत निर्माण भई संचालनमा रहेका वडा कार्यालयहरु सम्म पुग्ने तथा मुख्य मोटरबाटोहरु वर्षाका कारणले अबरुद्ध भई आवतजावत तथा यातायात संचालनमा कठिन भएको र नेपालीहरुको महान चाड पर्वको अवसरमा यातायात तथा ढुवानी कार्यलाई सहज बनाउनका लागि सडक सरसफाईको लागि वडाबाट समेत माग भई आएकोमा सो सरसफाई कार्यको लागि वडागत रुपमा खर्च भएको देहाय बमोजिमको रकम गाउँपालिकामा प्राप्त हुने स्रोतबाट व्यहोर्ने गरी भुक्तानीका लागि गाउँ पालिकाको कार्यालयलाई निर्देशन दिने ।

| वडा नं | भुक्तानी हुनुपर्ने रकम | कैफियत |
|---|---|---|
| १ | २३०००० | |
| २ | २३०००० | |
| ३ | ११८००० | |
| ४ | ६५०००० | |
| ५ | | |
| ६ | २७७००० | |
| ७ | २७७००० | |
| ८ | २८८००० | |
| ९ | ३३५००० | |
| जम्मा | २१,७५,००० | |

**निर्णय नं. ६**

राक्सिराङ्ग गाउँपालिका अन्तर्गत निर्माणाधीन बोटबारी परेवाभिर सडकखण्डको निर्माण कार्यका लागि लामा ब्रानियाँ जेभी संग भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्नका लागि २०७९ असोज मसान्त सम्म म्याद भएकोमा बर्षातका कारणले कार्य गर्न नसेकेको कारण म्याद थपका लागि माग भई आएको हुँदा सो कार्यको लागि मिति २०७९ माघ मसान्त सम्म म्याद थप गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

राक्सिराङ्ग आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति को निर्णय तथा सिफारिस बमोजिम एम्बुलेन्स संचालनमा भएको आम्दानी तथा खर्च बिबरण बमोजिम इन्धन, मर्मत सम्भार बापतका देहायका रकम अस्पताल संचालन तथा व्यवस्थापन खर्चबाट व्यहोर्ने गरी देहायको रकम जम्मा रु १०००००। सम्बन्धित संस्थाहरुको खातामा पठाउने तथा एम्बुलेन्स मर्मत बापतको रकम भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने ।

- राक्सिराङ्ग स्वास्थ्य चौकी रु ३००००
- राक्सिराङ्ग स्वास्थ्य चौकी एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रु ७००००

**निर्णय नं. ८ (विविध):**

(क) यस गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि कार्यपालिकाको मिति २०७९/३/२६ को ७९औं कार्यपालिकाको वैठकबाट भएको निर्णय बमोजिम करार सेवाको पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय भएकोमा मिति २०७९/०५/२६ को ०२/०७९/८० को बैठकबाट उक्त विज्ञापन स्थगित गरी सावकिमै कार्यरत कर्मचारीहरुलाई मिति २०७९/३/२६ को ७९औं कार्यपालिकाको बैठकको निर्णय अनुसारको सेवा सुविधा प्राप्त गर्ने गरी ०७९ श्रावण देखी नै लागू हुने गरी ०७९ असोज मसान्त सम्म करार अवधी थप गर्न निर्णय भएको ।

तत्पश्चात यसरी करार सेवामा रहेका कर्मचारीको कार्य सम्पादन स्तर मापन गरी सो पश्चात म्याद थप गर्ने/नगर्ने सम्वन्धमा यथार्थ विवरण र रायसहितको प्रतिवेदन पेश गर्नका लागि समिति गठन भएकोमा सो समितिले मिति २०७९/०६/३१ मा दिएको प्रतिवेदनको आधारमा निम्न उल्लेखित कर्मचारीहरुको सेवा करार म्याद २०७९ पुस मसान्त सम्म थप गरी निजहरुको तलव सुविधा आ.ब. २०७८/०७९ मा उपलब्ध गराइएको तलब सुविधा उपलब्ध गराउने ।

तपसिल:

| | | | | |
|---|---|---|---|---|
| १ | श्री जिवन ठकुरी | अ.हे.ब. | सहायक चौथो | कैफियत |
| २ | श्री मङ्गली मायाँ वाईवा | अ.न.मी. | सहायक चौथो | |
| ३ | श्री सनिषा गुरुङ्ग | अ.न.मी. | सहायक चौथो | |
| ४ | श्री रमा मुक्तान | अ.न.मी. | सहायक चौथो | |
| ५ | श्री कविता कु. चेपाङ | कार्यालय सहयोगी | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री सविना घलान | कार्यालय सहयोगी | | |
| ८ | श्री सुजता घिमिरे | कार्यालय सहयोगी | | |
| ९ | श्री राज कुमार प्रजा | कार्यालय सहयोगी | | |
| १० | श्री चन्द्र बहादुर प्रजा | कार्यालय सहयोगी | | |
| ११ | श्री गणेश कुमार मुक्तान | अ.हे.ब. | सहायक चौथो | |
| १२ | श्री सुन्तलीमायाँ घलान | कार्यालय सहयोगी | | |
| १३ | मोहम्मद अनिस अन्सारी | हे.अ. | सहायक पाँचौ | |
| १४ | श्री अन्जना प्रजा | हे.अ. | सहायक पाँचौ | |
| १५ | श्री रजनि थापा | हे.अ. | सहायक पाँचौ | |
| १६ | श्री उर्गेन लामा रुम्बा | अ.हे.ब. | सहायक चौथो | |
| १७ | श्री रमिला सिन्तान | अ.न.मी. | सहायक चौथो | |
| १८ | श्री आरती प्रजा | अ.न.मी. | सहायक चौथो | |
| १९ | श्री सजिता प्रजा | अ.न.मी. | सहायक चौथो | |
| २० | श्री अन्जना मुक्तान | ल्याब-असिस्टेन्ट | सहायक चौथो | |
| २१ | श्री सरिता नेपाली | कार्यालय सहयोगी | | |
| २२ | श्री उर्मिला रुम्बा | कार्यालय सहयोगी | | |
| २३ | श्री जुना रुम्बा | कार्यालय सहयोगी | | |
| २४ | श्री रिता थिङ | अ.हे.ब. | सहायक चौथो | |
| २५ | श्री मनिषा अधिकारी | अ.हे.ब. | सहायक चौथो | |
| २६ | श्री माया लामा | हे.अ. | सहायक पाँचौ | |
| २७ | श्री अमृता प्रजा | अ.न.मी. | सहायक चौथो | |
| २८ | श्री बल बहादुर थापा | अ.हे.ब. | सहायक चौथो | |

(ख) यस कार्यालयमा विगत देखि हलुका सवारी चालक पदमा सेवा करारमा कार्यरत श्री दिनेश घिसिङ्गको सेवा आवश्यक नभएकोले निजलाई मिति २०७९ कार्तिक ०१ देखि हालसम्म पुऱ्याएको सेवा प्रति धन्यवाद दिँदै सेवाबाट हटाउने ।

(ग) यस गाउँपालिका अन्तर्गत सामुदायिक स्वास्थ्य संस्थाहरुमा कार्यरत निम्न उल्लेखित सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरु स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिएको र विजयी समेत भएकोले राष्ट्रसेवक कर्मचारीहरु प्रत्यक्ष निर्वाचनमा सहभागी भएकोले निजहरुले आचरण विरुद्ध कार्य गरेकोले निजहरुलाई मिति २०७९ कार्तिक ०१ देखि अवकाश गर्ने ।
तपसिल:
१. श्री रञ्जीता घलान, राक्सिराङ्ग-७
२. श्री राम मायाँ प्रजा, राक्सिराङ्ग-७
३. श्री सिता थिङ, राक्सिराङ्ग-४
४. श्री मिलन कुमारी थिङ, राक्सिराङ्ग-९

घ) राक्सिराङ्ग गाउँपालिका ५, ठाडे मकवानपुरमा रहेको राक्सिराङ्ग बिल्डर्स एण्ड डेभलपर्स प्रा लि बाट राक्सिराङ्ग वडा नं ५ मा क्रसर उद्योग स्थापना गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने कार्यको लागि परामर्शदाता संस्था वातावरणीय चेतनाका लागि एकीकृत विकास हेटौंडा ६ मकवानपुरले यस कार्यालयमा पेश गरेको कार्यसूची (TOR) स्वीकृत गरी कार्य अगाडी बढाउन स्वीकृती दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |